# तेइसौं गाउँ सभामा २०८३ साल असार ०८ गते सोमबार गाउँपालिका अध्यक्ष श्री शेर सिंह पार्की ज्यूले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

आलिताल गाउँपालिका

डडेल्धुरा

२०८३

आलिताल गाउँपालिका

## आलिताल गाउँपालिकाको
## तेइसौं गाउँसभा २०८३ असार ०८ मा प्रस्तुत
## आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम

### १. सम्बोधन र संस्मरण :

**सभाका सदस्य ज्यूहरु,**

आलिताल गाउँपालिका अध्यक्षको हैसियतले गाउँसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित छु । यस अवसरमा म नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र जेन्जी आन्दोलन लगायतका बलिदानीपूर्ण सङ्घर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, मुलुकमा राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरू सहित सम्पूर्ण आलिताल वासी जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै आलिताल बासीको बृहत्तर हितमा समर्पित रहँदै समृद्ध र समतामूलक आलिताल निर्माणको सङ्कल्प पूरा गर्न यहाँहरूको विशेष भुमिका तथा समर्पणका निम्ति शुभकामना व्यक्त गर्दछु ।

### २. विद्यमान परिवेश

**सभा सदस्यहरू,**

नेपाल सरकार र आलिताल गाउँपालिकाले लिएका नीतिगत तथा अन्य सुधारात्मक उपायको परिणामस्वरूप सबै क्षेत्रमा सकारात्मक नतिजा देखिन थालेको छ। हामीले कार्यभार सम्हालेको पदावधि चार वर्ष पूरा भई पाँचौं वर्षमा प्रवेश गरेको परिप्रेक्ष्यमा केही उपलब्धिहरू उत्साहजनक छन् भने केही क्षेत्रमा सुधार गर्नु पर्ने देखिएकोछ। शिक्षा ,स्वास्थ्य र खेलकुद क्षेत्रमा सकरात्मक कदम चालिएको आभाष भइरहेको छ । सार्वजनिक सेवा प्रवाहमा उल्लेख्य सुधार आएको छ। स्थानीय सरकारलाई जनताको अभूतपूर्व साथ र सहयोग प्राप्त भएकोछ। आर्थिक-सामाजिक रूपान्तरणमा तीव्रता आउनुका साथै विकास निर्माणले पनि गति लिन थालेकोछ । गाउँपालिका स्पष्ट मार्गचित्रका साथ अघि बढेको छ, जनताको वास्तविक समस्याको पहिचाह गरी अगाडी बढ्ने प्रतिवद्वता व्यक्त गर्न चाहन्छु । आगामी दिनमा अझै बढी विश्वसनीय ढङ्गले कार्य गर्ने समेत प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । आलितालको समग्र विकास र समृद्धिका निम्ति स्थानीय सरकार र आम नागरिक एकै ठाउँमा उभिएका छौं।

विकास आयोजना छनौट गर्दा सामाजिक आर्थिक उत्पादन र रोजगारी सिर्जनालाई प्रमुख आधारका रुपमा लिदै आएकाछौं । कार्यान्वयनमा रहेका आयोजना तथा कार्यक्रम हरुको पुनः प्राथमिकीकरण गरी नतिजा

आलिताल गाउँपालिका

दिने, तोकिएको समयमा सम्पन्न हुन सक्ने आयोजना तथा कार्यक्रममा यथेष्ठ बजेट विनियोजन गर्ने परिपाटी निरन्तर राखेका छौं । आयोजनाको प्रगतिका आधारमा सम्पन्न गर्ने, निरन्तरता दिने, स्थगन गर्ने वा खारेज गर्ने नीति लिइएकोछ ।आन्तरिक श्रोत को परिचालन लाई दिगो बनाउन राजश्वका थप क्षेत्र पहिचान गरि दायरा विस्तार गरी आन्तरिक स्रोतलाई सक्षम बनाउन सबै प्रकारका आर्थिक कृयाकलापलाई औपचारिक प्रणालीमा आवद्व गर्न जोड दिदै आएका छौं । विधिको शासन कायम गर्ने र मानव अधिकारको संरक्षण तथा संवर्द्धन गर्ने दिशामा यस कार्यकालमा महत्वपूर्ण प्रगति हासिल भएका छन् । अर्थतन्त्रका विद्यमान समस्यालाई समाधान गर्दै समस्टिगत आर्थिक स्थायित्व सहितको दिगो फराकिलो र समन्यायिक आर्थिक वृद्धी हासिल गर्ने नेपाल सरकारको लक्ष्य पुरा गर्न गाउँपालिका प्रतिवद्ध छ ।

**सभा सदस्य ज्युहरु,**

गाउँपालिकाको योजनावद्ध विकास प्रयासमार्फत उपलब्ध स्रोत साधनको कुशलतम् र प्रभावकारी परिचालन मार्फत रोजगारी सिर्जना गर्दै गरिवी निवारण, जीवनस्तर सुधार, कृषिक्षेत्रको व्यवसायीकरण, प्रसार र विश्वसनीय वितरण, पर्यटन पूर्वाधारको विकास, हरित अर्थतन्त्रको निर्माण, गुणस्तरीय जीवनोपयोगी शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, मानवपूँजी निर्माण, युवा, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण, भौतिक पूर्वाधार तथा आवास विकास, खानेपानी तथा सरसफाई, भूमि व्यवस्था, जलवायू परिवर्तन र विपद् व्यवस्थापन, सामाजिक न्याय र समावेशी विकास, सामाजिक सुरक्षा, , वित्तीय संघीयता कार्यान्वयन, बजेट प्रणालीको सुदृढीकरण, विकास वित्तको विस्तार, राजस्व प्रणालीको सुदृढीकरण, कानुनी शासन, मानव अधिकार र सुशासन प्रवर्धन गरी नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्व निर्माणका लागि आलिताल गाउँपालिका प्रतिवद्ध रहेको कुरा सपष्ट पार्न चाहन्छु।

## ३. बिकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका प्रयास अवसर र चुनौति :

### क) बिकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि चालिएका कदम तथा महत्वपूर्ण प्रयासहरु :

- **पर्यटन प्रवर्द्धन** :पालिकाको नामाकरण गरिएको ऐतिहासिक एवं पर्यटकीय महत्वको 'आलिताल' तालको संरक्षण र विकासका लागि विशेष कार्ययोजना लागू गरिनुका साथै जैशिना झरना लगायतका प्राकृतिक सांस्कृतिक तथा ऐतिहासिक स्थलहरुको संरक्षण सम्बर्धनका कार्यक्रमहरुलाई प्राथमिकताका साथ अघि बढाएकोछ।
- **पूर्वाधार विकास** :गाउँपालिकाका अधिकांश क्षेत्रहरूमा सडकको पहुँच पुऱ्याइएको छ भने यातायात सञ्जाललाई व्यवस्थित बनाउन निरन्तर सडक निर्माण तथा स्तरोन्नतिको काम भइरहेको छ। त्यसैगरी ६७ प्रतिशत खेतियोग्य जमिनमा सिँचाई सुविधा र ७७ प्रतिशत घरधुरीमा स्वच्छ खानेपानिको पहुँच विस्तार गरिएको छ ।

- **शिक्षा सुधार :** गुणस्तरीय शिक्षा सुनिश्चित गर्न १० वर्षे गाउँशिक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनमा रहेको छ । शिक्षक तालिम तथा पेशागत विकास कार्यक्रमहरु सञ्चालन गरी मानव संशाधन विकासमा जोड दिएको छ ।
- **दीर्घकालीन योजना :** समग्र पालिकाको व्यवस्थित विकासका लागि पाँच वर्षे आवधिक विकास योजना तयार पारिएको छ । दिर्घकालिन योजनाको आधारमा बार्षिक बजेट तथा कार्यक्रमहरु तयार गर्नुका साथै विभिन्न क्षेत्रगत योजना तथा कार्ययोजनाहरु कार्यान्वयनमा रहेका छन ।
- **सुशासन तथा क्षमता विकास :** गाउँपालिकाका कर्मचारी तथा पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्दै स्थानीय सेवा र सुशासनलाई चुस्त बनाउन विभिन्न नीति तथा कार्यक्रमहरू सञ्चालनमा छन्।भूक्तानी राजश्व संकलन सामाजिक सुरक्षा भत्ता वितरण पञ्जीकरण नागरिकता सिफारिस जस्ता महत्वपूर्ण सेवाहरु सूचना प्रविधिमा आधारित प्रणाली मार्फत प्रवाह भइरहेका छन ।

**ख) विद्यमान अवसरहरु :**

- बन-जंगल, ढुङ्गा, गिट्टी, बालुवा जस्ता प्राकृतिक स्रोत साधनको सदुपयोगबाट स्थानीय स्तरमा रोजगारी प्रवर्द्धनका साथै आर्थिक विकास गर्ने प्रचुर सम्भावना रहेकोछ ।
- आलिताल, महाभारत भागेश्वर, घण्टेश्वर क्षेत्र, जोसिना झरना, शहीद भीमदत्त पन्तको बीरगति प्राप्त स्थान गल्लेक, लगायत विभिन्न देवी देवताका मन्दिर रहेका स्थानहरु ऐतिहासिक तथा धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गरी पर्यटन व्यवसाय प्रवर्द्धन गर्न सहज रहेकोछ ।
- आधुनिक तथा व्यवसायिक कृषि जस्तै केरा तथा अन्य फलफूल खेति, तरकारी खेति, मसला खेती, जर्सिगाई पालन, बाख्रापालन, कुखुरापालन, मौरीपालन, मत्स्यपालन लगायत अन्य कृषि तथा पशुजन्य व्यवसायका लागि पकेट क्षेत्रको रुपमा कार्यान्वयन तथा विकास गर्न सकिने,
- प्रबासबाट फर्केका युवा जनशक्तिलाई कृषि तथा पर्यटन क्षेत्रमा आबद्ध गराई रोजगारी सृजनाका साथै उत्पादन र उत्पादकत्व बृद्धी गर्न सकिने ।
- वन पैदावारमा आधारित काष्ठ तथा गैरकाष्ठ उद्योगहरुको स्थापना, सञ्चालन तथा विकास गरि रोजगारी सृजना गर्ने प्रसस्त अवसर रहेकोछ ।

**ग) विद्यमान चुनौतिहरु :**

- अप्ठेरो भौगोलिक बनावट तथा कमजोर सतहयुक्त जमिन ।
- स्तरीय विद्युत, सञ्चार र यातायात पूर्वाधारको अभाव ।
- प्रकृतिक स्रोत साधनको उपयोग हुन नसक्नु ।
- विभिन्न कानुनी जटिलता एवं झण्झटपूर्ण प्रक्रिया कायमै रहनु ।
- इमान्दारिता, इच्छाशक्ती र जनचेतना स्तरमा कमी ।
- बढ्दो जनआकाङ्क्षा र घट्दो संघीय तथा प्रादेशिक अनुदान तथा सिमित आन्तरिक स्रोत ।
- कृषि प्रणाली व्यवसायिक रूपमा विकास नहुनु र स्थानीय उत्पादनले उचित बजार नपाउनु ।

- सार्वजनिक निर्माणको लागि पर्याप्त बजेटको अभाव।
- बढ्दो पालयन र सिमित रोजगारीका अवसर हुनु ।
- दक्ष कर्मचारी तथा मानवस्रोतको कमी कायमै रहनु ।

## ४. निति तथा कार्यक्रम तर्जुमाका आधारहरु

- नेपालको संविधानमा उल्लिखित मौलिक अधिकारहरु, राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरु,
- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूचि ।
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ।
- स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४ (परिमार्जित) ।
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ ।
- संघीय सरकार तथा प्रदेश सरकारबाट आ.व. २०८३/०८४ को लागि प्रस्तुत नीति, कार्यक्रम तथा बजेट ।
- संघीय सरकार तथा प्रदेश सरकारका विभिन्न श्रोतबाट आ.व. २०८३/०८४ को लागि हाम्रो गाउंपालिकालाई प्राप्त हुने कार्यक्रम तथा बजेटको सिलिङ ।
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन ।
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु ।
- संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु ।
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु ।
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता, विभिन्न सन्धी सम्झौताहरु ।
- न्यायलयबाट प्रतिपादन भएका न्यायिक नजीर, सार्वजनिक महत्वका आदेश तथा फैसलाहरु ।
- सोह्रौं आवधिक योजनाको आधारपत्र ।
- दिगो विकास लक्ष्य ।
- सुशासन, सामाजिक संरक्षण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास, वातावरण मैत्री विकास, शुद्ध खानेपानी तथा पूर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित बिषयहरु ।

## ५. चालु आर्थिक बर्षको हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण

- चालु आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारबाट रू. ३३ करोड ९२ लाख ९० हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रू. २७ करोड ९५ लाख ८५ हजार, प्रदेश सरकारबाट रू. ६ करोड २६ लाख ९३ हजार अनुमान गरिएकोमा रू २ करोड ९० लाख ६२ हजार, संघ र प्रदेशवाट राजस्व बाँडफाँडतर्फ रु ११ करोड ८१ लाख २६ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्मन रू. १० करोड ५ लाख १४ हजार प्राप्त भएको र आन्तरिक श्रोत रू. ९८ लाख ६९ हजार अनुमान गरिएकोमा हालसम्म रू. ३६ लाख ८४ हजार संकलन भएको छ।
- संशोधित बजेट रू. ५३ करोड ६६ लाख १० हजार मध्ये हालसम्म रू. ४१ करोड ६६ लाख १० हजार वास्तविक आय भएको देखिन्छ जुन कुल बजेटको ७७ दशमलव ६३ प्रतिशत हुन आउछ। त्यसैगरी, खर्चतर्फ हालसम्म रू. ३३ करोड ८९ लाख ४६ हजार प्रगति भएको छ जुन ६३ दशमलव १६ प्रतिशत हुन आउछ।
- **शिक्षातर्फ** : सबै बालबालिकालाई विद्यालयमा पहुँच पुर्याइ शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले आलिताल गाउँपालिका अन्तर्गत ९ वटा माध्यमिक, आधारभूत विद्यालय ७ वटा र २७ वटा प्राथमिक विद्यालय गरी ४३ बटा सामुदायिक विद्यालय र २ वटा संस्थागत विद्यालयहरू सञ्चालनमा रहेका छन्।
  - ➢ स्वीकृत दरवन्दी प्रा.वि. ७१, नि.मा.वि. २०, मा.वि. ६ र राहत दरबन्दी प्रा.वि. ३६, नि.मा.वि. ६ र मा.वि. ६ रहेको छ। त्यसैगरी, शिक्षण सहयोग अनुदान आधारभूत तह ६. मा.वि. १७, गाउँपालिका शिक्षक अनुदान प्रा.वि. १३. नि.मा.वि. २९. मा.वि. १८. उ.मा.वि. ४ रहेको छ। साबिक उच्च मा.वि. तर्फ संघीय शिक्षक ४ जना रहेको छ।
  - ➢ आइ. सि. टि. तालिम १९ जना शिक्षक, ४३ जना शिक्षकहरूलाई एकीकृत पाठ्यक्रम तालिम प्रदान गरिएकोछ। त्यसैगरी IEMIS सम्बन्धी ३८ जना शिक्षकहरुलाई तालिम प्रदान गरिएकोछ।
- **स्वास्थ्य सेवातर्फ** :
  - ➢ मातृ मृत्युका ढिलाइका चरणहरु कम गर्न ६ वटा वडाहरुमा वर्थिंग साइट विस्तार गर्नुको साथै प्रेशित गर्भवतिहरुलाइ निशुल्क एम्वुलेन्स सेवाको कार्यान्वयन गरिएको ।
  - ➢ सुत्केरी र स्वा.कर्मीको अनिवार्य भेट गराउन "सुत्केरी भेट" कार्यक्रम सञ्चालन गरिएको ।
  - ➢ समय समयमा ग्रामीण अल्ट्रासाउण्ड, परिवार नियोजन सेवाका सेटेलाइट क्याम्प, क्षयरोग सम्वन्धि माइक्रस्कोपिक क्याम्पहरु सञ्चालन गरिएका ,
  - ➢ स्वयम सेविका कार्यक्रमलाइ वढी सुदृढ र सेवामुखी जवाफदेही वनाउन स्वयम्सेविका उत्प्रेरणा कार्यक्रम अन्तर्गत प्रति महिना रु १५०० का दरले प्रोत्साहन रकम प्रदान गरिएको ।

आलिताल गाउँपालिका

- गांखेत स्वास्थ्य चौकी, आ.स्वा.सेवा केन्द्र घरेलु र आलिताल हे.पो.मा ल्याव सेवा तथा गांखेत र आलिताल हे.पो.मा सुरक्षित गर्भपतन सेवा विस्तार गरिएको ।
- दुर्गम क्षेत्रका व्यक्तिहरुलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउने प्रयासमा सबै वडाहरुमा स्वास्थ्य संस्थाहरु स्थापना गर्नुको साथै पालिकाको पहलमा आलिताल ३ र ७ मा सा.स्वा. ईकाइ सञ्चालनमा आएको ।
- ग्रामिण अल्ट्रासाउनड कार्यक्रम सञ्चालन गरिएको ।
- पालिका स्तरीय जनस्वा.ऐन तर्जुमा गरिएको ।
- ३ वटा स्वास्थ्य संस्था मार्फत ४ वटा एम्बुलेन्स परिचालन ।
- आधारभूत स्वास्थ्य सेवा केन्द्र हरुको लागि करार सेवामा स्वास्थ्य कर्मी ब्यबस्थापन ।
- स्वास्थ्य ब्यबस्थापन समितिका पदाधिकारी हरुलाई क्षमता अभिबृद्धि तालिमको निरन्तरता ।
- डी एच आइ एस टु अनलाइन प्रणालीबाट रिपोटिंग सबै संस्था बाट सञ्चालन ।

- **कृषि सेवा तर्फ :**
  - पोषण सुधारका लागि तरकारी बिउँ वितरण कार्यक्रम १००० जना कृषकलाई प्रदान गरियो।
  - १ वटा कृषक समूहलाई ३० घरधुरी लाभान्वित हुने गरी मकै बाली उत्पादन प्रवर्द्धनका लागि उन्नत जातको मकैको बिउँ, मिनिटिलर १० वटा, ४ वटा कुटानी पिसानी मिल, प्लास्टिक घर निर्माण १, ऊखु पेल्ने मेसिनमा सहयोग-१, ३० वटा त्रिपाल, २ वटा जोख्ने तराजु वितरण गरियो।
  - खाद्यान्न बालीको उन्नत विउँ उपयोगमा अनुदान कार्यक्रमतर्फ ५० प्रतिशत अनुदानमा ४५ जना किसानलाई उन्नत जातको गहुको बिउ र ५० जना किसानलाई उन्नत जातको धानको विउँ वितरण गरियो।
  - किसान सूचिकरण र पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम कार्यान्वयनमा रहेको छ।
  - किसानहरुलाई फलफुलका बिरुवाहरु बितरण गरियो।

- **पशु सेवा तर्फः**
  - ३८८४ पशुपन्छीलाई उपचार सेवा, ३२० वटा बोका र ४ हल गोरुको बन्ध्याकरण, ८६० वटा कुकुरहरूलाई रेविज विरुद्धको खोप, ९२ जना किसानहरूलाई हिउँदे धासको विउ वितरण, १४५ वटा गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, १९ जना किसानलाई उन्नत जातका माछाका भूरा वितरण, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत १५ जना किसान लाभान्वित हुने गरी १ वटा कृषक समूहलाई भैसी अनुदान, २० हजार बाखामा पि पि आर बिरुद्धको खोप र १२ हजार गाई गोरू भैसिलाई खोरेत रोग बिरुद्धको खोप लगाएको।
  - बाखामा अनुदान रकम १२ जना कृषकलाई बितरण।
  - कुखुरामाअनुदान रकम ४ जनालाई बितरण।

आलिताल गाउँपालिका

- दलित लक्षित समुहमा बाख्रा पालन कार्यक्रम।
- डेरी उद्यमि ब्यबसायीलाई चिलिङ भ्याट मेसिनमा सहयोग।

- **न्यायिक समिति तर्फः**
  - यस आर्थिक बर्षमा न्यायिक समितिमा दर्ता भएका मुद्धा ४ वटा थिए जुन फछ्यौंट भईसकेका छन।तर ६ मुद्दा चाही दर्ता नभईकन छलफलबाट नै मेलमिलाप गराएको छ।यी बाहेक यस आ.ब.मा न्यायिक समितिले देहाय बमोजिमको कार्य सम्पादन गरेको छ।
  - महिलाहरुको न्यायमा पहुँच अभिबृद्धी गर्न अभिमुखिकरण कार्यक्रम संचालन।
  - समुदायका ब्यक्ति बिशेषलाई न्यायिक प्रकृया र कानुनी सचेतना प्रदान गर्न प्रतेक वडाका बिभिन्न समुदायमा न्यायिक समिति कार्यक्रम संचालन।
  - बेरोजगार र बिपन्न महिलालाई स्वरोजगार बनाउन सिपमुलक १ महिने ड्राईभिङ तालिम संचालन।
  - बिभिन्न बस्ति स्तरमा छुवाछुत तथा छाउपडी अन्त्य सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन।

- **प्रशासनिक तथा विकासात्मक सेवा प्रवाहतर्फ** : १ वटा गाउँपालिका केन्द्र र विषयगत शाखाहरू,८ वटा वडा कार्यालयहरू,१० बटा स्वास्थ्य संस्थाहरूमा स्थायी,करार र ज्यालादारी गरी १२७ जना कर्मचारीरूले आलिताल गाउँपालिकाको १८ हजार ११२ जनसंख्यालाई प्रशासनिक र विकासात्मक सेवा प्रवाह गर्दै आएका छन्।

## ६. आगामी आर्थिक बर्षका प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु

### क) आर्थिक विकास

- कृषिवाली,पशुपंक्षी मत्स्य तथा वनजन्य व्यवसायिलाई समेट्ने गरी नेपाल सरकारको नीति अनुसार कृषि विमा कार्यक्रम संचालन गरिनेछ।
- आलुबाली पकेट क्षेत्र विकास कार्यक्रम र बाख्रा पकेट क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- फलफुल नर्सरी र वेर्ना रोपणलाई कार्यक्रमलाई निरन्तरता दिई गाउँपालिकालाई फलफुलमा समेत आत्मनिर्भर बनाईनेछ ।
- आलिताल गाउँपालिका क्षेत्रमा अधिक सम्भावना रहेको व्यावसायिक बाख्रापालनलाई प्रवर्द्धन गरी बाहिर जिल्लामा खसि,बोका र बाख्रा निर्यात गर्ने लक्ष्य राखी बाख्रापालन उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ ।
- उत्पादित पशुजन्य पदार्थको बजारीकरणका लागि मासु पसल र डेरी पसल सुधारका लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ ।

आलिताल गाउँपालिका

- निम्न आय भएका, विपन्न, एकल महिला, अपाङ्गलाई सजिलै आम्दानी गरी जिविकोपार्जन गर्ने उपायको रुपमा बाखा, कुखुरा वितरण अनुदानका कार्यक्रम संचालन गरिनेछ ।
- बाख्रामा लाग्ने परजिवि नियन्त्रणका लागि बाख्रापालन बढी भएका क्षेत्रमा डिपिङ ट्याङ्की वितरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- हाल बजारमा भइरहेको मासु र अण्डाको माग र आयातलाई ध्यानमा राखी गाउँपालिकामा संचालित विभिन्न कुखुरापालन फार्मलाई व्यवस्थित गर्न उत्पादनमा आधारित कुखुरापालन फार्म सुधार अनुदान कार्यक्रम संचालन गरिनेछ ।
- कृषकलाई गाँउघरमा नै पशु उपचार सेवा प्रदान गर्न गाउँपालिकाबाट टाढा रहेका वडामा पशु स्वास्थ्य शिविर, आन्तरिक तथा वाह्य परजिवि नियन्त्रण शिविर संचालन गरिनेछ ।
- पशु आहारामा उत्पादन योग्य पोषिला घाँसका विउ वितरण, नर्सरी स्थापना, घाँसवाली श्रोतकेन्द्र स्थापना गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- कृषकहरुलाई गाउँघरमा नै पशु उपचार सेवा र कृत्रिम गर्भाधान सेवा तथा खोप सेवा संचालन गर्न सजिलोका लागि प्रत्येक वडाका पायक पर्ने स्थानमा फलामे ट्रेविज निर्माण गरिनेछ ।
- कृत्रिम गर्भाधानका माध्यमबाट स्थानीय पशुहरुको नश्ल सुधार गरी दुग्ध उत्पादन बढाउन संचालन भईरहेको कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ख) सामाजिक विकास

- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, अध्यक्ष कप भलिबल तथा क्रिकेट प्रतियोगिता, एथलेटिक्स, मार्सल आर्टस (उसु, हाप्किडो, तेक्वान्डो र कराँते) लगायत खेलकुद सम्बन्धी विभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- विद्यालयको सिकाइ उपलब्धि बढाउन शिक्षकको पेशागत क्षमता विकास गर्न तालिम, कार्यशाला तथा गोष्ठीहरु सञ्चालन गरिनेछ ।
- आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रमको कार्यान्वयनको क्रममा देखिएका अनुभवका आधारमा परिमार्जन गर्दै लगिनेछ ।
- सामुदायिक विद्यालयहरुमा कक्षा ६-१२ मा अध्ययनरत सबै छात्राहरुका लागि स्यानिटरी प्याड वितरणको कार्यलाई निरन्तरता दिइनेछ ।
- आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) मा विषयगत आधारमा तथा आधारभूत तह (कक्षा १-५) मा शिक्षक विद्यार्थी अनुपात, विद्यालय नक्साङ्कनका आधारमा विद्यालय समायोजन र दरबन्दी मिलान तथा पुनर्वितरण कार्य गरिनेछ ।
- समुदायमा आधारित वालविकास केन्द्रहरुलाई आवश्यकता र औचित्यताका आधारमा विद्यालयमा समायोजन गर्ने र गाउँपालिकाबाट खोलिएका समुदायमा आधारित बालविकास केन्द्रहरुलाई विद्यार्थी संख्या, भौगोलिक दुरी र नक्साङ्कनका आधारमा थपघट गरिनेछ ।

आलिताल गाउँपालिका

- प्रारम्भिक बाल बिकास कक्षामा सिकाइ कुनाको ब्यबस्थापन गरिनेछ।
- बिद्यार्थिका लागि खेलकुद सिर्जनात्मक अभ्यास योगध्यान प्रतिभा प्रस्फुटनका क्रियाकलाप सञ्चालन गरिनेछन।
- सिकाइस्तर कमजोर भएका बिद्यार्थीहरुका लागी सुधारात्मक सिकाइ प्रवर्द्धन गरिनेछ।
- डिजिटल सिकाइका लागि सबै माध्यमिक बिद्यालयहरुमा स्मार्ट बोर्डको ब्यबस्थापन गरिनेछ।
- विद्यार्थीलाई शिक्षा प्रति आकर्षित गर्न 'अध्यक्षसँग विद्यार्थी' कार्यक्रमलाई निरन्तरता दिदै विधागत सिप, कला, कौशल प्रस्फुटन गरी उत्कृष्टलाई प्रोत्साहन दिइनेछ ।
- गाउँपालिका स्तरीय टिम छनौटका लागि प्रत्येक वडामा खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।
- स्वास्थ्य क्षेत्रको आधारभूत तहमा काम गर्ने सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाहरुको सेवा भावको कदर गर्दै तथा स्वास्थ्य क्षेत्रमा खेलेको भूमिकाको सम्मान स्वरूप उहाँहरुले प्राप्त गर्दै आएको मासिक उत्प्रेरणा रकम एबम कार्यक्रम हरुमा प्राप्त गर्दै आएको यातायात खर्च लगायतका सेवा सुबिधाहरुमा निरन्तरता दिइनेछ ।
- सामुदायिक स्वास्थ्य इकाई वडा नं ३ सेला र वडान नं ७ खिन्नेभाड़ीबाट प्रदान गरिदै आएको आधारभूत स्वास्थ्य सेवाहरुमा निरन्तरता दिनुका साथै आलिताल ८ कुर्जेनिमा सामुदायिक स्वास्थ्य इकाई विस्तार गरिनेछ ।
- एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाउदै कार्यविधिमा तोकिएका रोगहरुको साथै गर्भवती प्रेषण सेवा आलितालबाट बाहिरका संस्थाहरुसम्म मात्र नभई आलिताल भित्रका बर्थिंग सेन्टर हरुमा पनि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।
- आलिताल गाउँपालिका अन्तर्गतका ५ बर्षमुनिका बालबालिका हरु, संचालनमा भएका कुनैपनि खोप बाट बन्चित हुनु नपरोस भन्ने अभिप्रायले पूर्णखोप वडा तथा पालिका घोषणाका कार्यक्रमहरुमा निरन्तरता दिइनेछ ।
- आँखा शिविरहरुको संचालनमा नियमितता दिदै आवस्यक स्थानहरुमा स्कृनिङ क्याम्प तथा सर्जिकल क्याम्प संचालन गरिनेछ।
- महिला स्वयमसेविकाहरुको स्वास्थ्य क्षेत्रमा गरेको योगदानलाई कदर गर्दै प्रदान गर्दै आएको उत्प्रेरणा रकमको निरन्तरता दिइनेछ।
- सुत्केरी अबस्थामा पोषण सहयोग पुऱ्याउन सुत्केरी सित उपाध्यक्ष कोशेली कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- समाजमा देखिएको मानसिक स्वास्थ्य समस्याहरुलाई मध्यनजर गर्दै आगामी बर्षमा बिशेषज्ञ सहितको मानसिक स्वास्थ्य शिविर संचालन गरिनेछ।

आलिताल गाउँपालिका

- मानब जनावर तथा पशुपंक्षी एवं वातावरण सितको सम्बन्धबाट प्रभावित भई मानव समुदायमा पर्ने समस्याहरु मध्यनजर गर्दै One Health कार्यक्रमको सुरुवात गरिनेछ।
- किशोर/किशोरी प्रजनन स्वास्थ्यलाई प्राथिमिकतामा राखी संस्था प्रमाणीकरण कार्यको विस्तार गरिनेछ ।
- कुपोषणमा रहेका बालबालिकाहरुको निदान गर्न पोषण लेखाजोखा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- निशुल्क औसधि तथा औसधिजन्य सामाग्री हरुको आपूर्तिकार्यलाई निरन्तरता दिइनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई मात्रृ तथा बालपोषणसंग समन्वय हुने गरि प्रभावकारी किसिमले अगाडी बढाइनेछ ।
- स्वास्थ्य क्षेत्र थप पारदर्शी र सुदृढ गर्न, आबस्यक ऐन, नियमावली, कार्यविधि तयार गर्नुको साथै सामाजिक परिक्षणको कार्यलाई निरन्तरता दिइनेछ ।
- आ.ब. ०८२/०८३ मा विस्तार गरिएको आँखा उपचार केन्द्रलाई निरन्तरता दिदै थप ब्यबस्थित गरिनेछ ।
- फोहरमैला व्यवस्थापनको लागि मुख्य मुख्य स्थानमा डम्पिङ साईट निर्माण गरिनेछ ।
- महिला विरुद्धका कुरिती, भेदभाव र हिंसा अन्त्य गर्न सामाजिक जागरण, सशक्तिकरण र महिला शिक्षाका कार्यक्रम संचालन गरिनेछ ।
- विपन्न, दलित, आदिवासी, जनजाती, एकल महिला, अपाङ्गता भएका महिला लगायत बञ्चितीकरणमा परेका सबै समुदायका महिला तथा किशोरीका लागि आय आर्जन, सशक्तिकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछन् ।
- महिला तथा बालबालिका उपर हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सबै वडाहरुमा अभियान सञ्चालन गरिनेछ ।
- निजामती तथा सरकारी सेवामा प्रवेश गर्ने चाहना भएका तर आर्थिक अभावले पढ्न नपाएका गरिब, दलित, आदिवासी, जनजाती र महिला वर्गलाई माथि उठाउन निशुल्क लोकसेवा तयारी कक्षा संचालन कार्यलाई निरन्तरता दिइनेछ ।
- सबै वडा कार्यालयहरुमा Biometric Device जडान गरी सामाजिक सुरक्षा भत्ता नविकरण कार्य Biometric Verification वडा कार्यालयबाट नै गरिने व्यवस्था मिलाइनेछ ।
- बेरोजगार युवा युवति लक्षित रोजागरी सिर्जना गर्नका लागि सीप विकास तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुनौला हजार दिनका आमाहरुलाई असल खानपान र व्यवहार परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

- आमा समूहहरुलाई आधारभूत पोषण तथा गुणस्तरीय सुरक्षित मातृत्व सेवा सम्बन्धी आधारभूत गोष्ठी सञ्चालन गरिनेछ ।

## ग) पूर्वाधार विकास

- सडक सरसफाई, विस्तार तथा स्तरोउन्नती कार्यलाई निरन्तरता दिदै सडक संजालबाट बन्चित टोलहरू सडक संजाल जोडिनेछ ।
- भावर लिफ्ट सिचाइ आयोजना लगायत सुचारु रहेका क्रमागत योजनाहरुलाई निरन्तरता दिइनेछ ।
- आलिताल गाउँपालिका वडा नं ३ किमोडीमा रहेको ढुङ्गा खानी सम्बन्धी अध्ययन/वातावरणिय परिक्षण गरी गाउँपालिकालाई आर्थिक सम्बृद्धी तर्फ डोऱ्याउदै आन्तरिक रोजगारी सृजना गर्ने नीति अबलम्बन गरिनेछ।
- काफलि बृहत खानेपानी योजना तथा डोला रिङरोड कालोपत्रे निर्माण योजनाको निर्माण कार्य सुचारु गरिनेछ ।

## घ) वन तथा वातावरण

- दिर्घकालिन रुपमा वातावरण लाई असर पार्ने खालका प्लास्टिक झोला (क्यारी ब्याग) निषेध गरिनेछ । मानव स्वास्थ्य संगै वातावरण संहरक्षणमा गम्भिर असर पार्ने प्लास्टिक तथा प्लाष्टिक जन्य प्रयोगलाई नियन्त्रण गर्नका लागि नियमित अनुगमन र चेतना विस्तार गर्दै प्लाष्टिक मुक्त अभियानलाई निरन्तरता दिइनेछ ।
- ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समिति र दातृ निकायहरुसंगको सहकार्यमा वन डढेलो, बातावरण संरक्षण र विपद व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- फोहरमैला व्यवस्थापनको लागि मुख्य मुख्य स्थानमा डम्पिङ साईट निर्माण गरिनेछ ।

## ङ) सुशासन तथा संस्थागत विकास

- आयोजनाहरुको दिगो विकास व्यवस्थापनका लागि गाउँपालिका र वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिलाई थप क्रियाशिल गराई परिचालन गरिनेछ ।
- गाउपालिकाका सम्पुर्ण वडा कार्यालयहरुमा बिद्युतिय हाजिरीको व्यवस्थापन गरिने छ। साथै गाउपालिका केन्द्रमा डिजिटल नागरिक वडापत्रको व्यवस्थापन गरिनेछ।
- आर्थिक अनुशासन तथा पारदर्शिता कायम गरी सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तर्गत कार्यान्वयन गरिने क्रियाकलापहरुको सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई कार्यक्रम नियमित संचालन गरिनेछ।
- मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

आलिताल गाउँपालिका

- न्यायीक समितिलाई थप उर्जावान बनाउन आवश्यक तालिम सञ्चालन गरिनेछ ।
- प्रत्येक समुदायमा गई महिला र पछाडी परेका बर्गको न्यायिक क्षमता अभिबृद्धी गर्ने उद्देश्यले उपाध्यक्षसंग लक्षित बर्ग अन्तरकृया तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- सिमान्तकृत बर्ग समुदायको क्षमता अभिबृद्धीको लागि प्रत्येक वडाको लक्षित टोलमा उपाध्यक्ष कोशेली कार्यक्रम संचालन गरिनेछ ।
- प्रत्येक माध्यमिक बिद्यालयहरुमा र सार्बजनिक संस्थाहरुमा डिजिटल साक्षरता कार्यक्रम संचालन गरिनेछ।
- सूचना प्रविधिको विकाससँगै बढ्दै गएको AI प्रयोग सम्बन्धी कर्मचारी र जनप्रतिनिधीहरुको क्षमता बिकासको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउपालिकाको बातावरणिय प्रोफायल निर्माण गरी GIS Database को बिकास गर्दै Spatial Based Mapping गरिनेछ ।

## ७. आगामी आर्थिक बर्षको प्रमुख नीतिहरु

**क) आर्थिक विकास :**

➢ **कृषि तथा पशुपन्छी विकास :**

- कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राखी कृषकहरूको आवश्यकता पहिचान गर्दै गाउँपालिका स्तरीय कृषि संरक्षण तथा कृषि पकेट क्षेत्र विकास गरी कृषि क्षेत्रमा आत्मनिर्भरताका लागि विशेष जोड दिइनेछ ।
- प्राकृतिक विपद तथा जलवायु परिवर्तनको प्रभावले कृषि उत्पादनमा देखिएको ह्रासले कृषकहरूमा पैदा गरेको नैराश्यतालाई ध्यानमा राखी जलवायुमैत्री पर्यावरणीय कृषि प्रविधि विकासका लागि विशेष पहल गरिनेछ।
- खासगरी सुख्खा र खडेरीको कारण कृषि उत्पादनमा घट्दो अवस्था र कृषिमा आत्मनिर्भरताको लक्ष्यलाई ध्यानमा राखी रङ्गुन तटिय क्षेत्रमा विशेष पहल गरी तरकारी उत्पादन र एक घर एक करेसाबारी निर्माणमा जोड दिइनेछ।
- मौसमी तथा बेमौसमी तरकारी उत्पादन लाई संरक्षण गर्दै तरकारी उत्पादन क्षेत्रलाई अझ प्रभावकारी बनाउन मेहनती किसानलाई सम्मान तथा अनुदानको व्यवस्था मिलाईनेछ ।
- आलिताल गाउपालिका बाहिरबाट आयातित बिषादी प्रयोग भएका कृषि जन्य उत्पादन जस्तै आलु, प्याज, टमाटर, लसुन, काक्रो, खुर्सानी, अदुवा, बेसार, हरियो, सागपात लगायत अन्य मसलाजन्य बस्तुहरुको आयात निरुत्साहित गरी आन्तरिक उत्पादनलाई बजारीकरण र व्यवस्थापन गर्न विशेष पहल गरिनेछ ।
- तरकारी तथा मसलाजन्य कृषि उत्पादनमा आत्मनिर्भर गाउँपालिकाको अवधारणा अनुरुप उत्पादन बृद्धि व्यवस्थापन तथा बजारीकरणका लागि गाउँपालिकाकव कृषि नीति बनाई कार्यन्वयन गरिनेछ

आलिताल गाउपालिका

र आयातलाई निरुत्साहित र निर्यातलाई समृद्धीको मेरुदण्ड मानी उत्पादन बढाउने कृषि नीति बनाई कार्यान्वयन गरिनेछ। तरकारीको क्षेत्रमा विशेष पहल पश्चात बाहिरबाट आएको तरकारी जन्य बस्तुहरू बिषादी प्रयोग भएका बस्तुहरुलाई प्रतिबन्ध लगाइनेछ ।

- बेमौसमी तरकारी को उत्पादनको निम्ति मेहनत गर्ने कृषकको विवरण संकलन गरी थप शसक्त र उर्जावान बनाउनका लागि प्रोत्सान गर्ने नीति लिइनेछ ।
- सम्भावित क्षेत्रहरुको अध्ययन गरी अमिलो जातका फलफुल मौसमी पकेट क्षेत्र र उखु तथा मसलाजन्य कृषि उत्पादन पकेट क्षेत्र र केरा पकेट क्षेत्र घोषणा गरी त्यसको संरक्षण र प्रवर्धनमा जोड दिईनेछ।
- गाउँपालिकाभरिमा उपभोग्य कृषि उत्पादन कार्यक्रम व्यवस्थापनको लागि राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम मार्फत सिचाई सम्भावना भएको बस्तिहरुमा सिचाईको व्यवस्था गर्दै तरकारी पकेट क्षेत्र बनाउने अवधारणा बिस्तार गरिनेछ ।
- कृषि क्षेत्रमा खासगरी तरकारी उत्पादन को निमित्त सिचाई सम्भावना भएको स्थानहरुमा एक वडा एक कृषि पकेट क्षेत्र स्थापना को लागि थप पहल गरिनेछ र स-साना सिचाई पोखरीको निर्माण गरी तरकारी उत्पादनमा जोड दिइनेछ । विशेषतः बेमौसमी तरकारी उत्पादन को निम्ति मिहेनती कृषक समुह वा कृषकलाई अनुदानको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका तथा वडाहरुमा दर्तामा भएका कृषि फर्म, कृषक समहु तथा सहकारी र किसान हरुलाई प्रोत्साहनको नीति अवलम्वन गर्दै कृषि प्राविधिकद्वारा तालिम को व्यवस्था मिलाईनेछ।
- गुणस्तरीय विउविजनमा गाउँपालिका लाई आत्मनिर्भर बनाइनेछ। रैथाने वाली विउविजन र नश्ल, कृषि तथा पशुपंक्षीजन्य जैविक विविधताको संरक्षण गरिने खालका कार्यक्रम संचालन गरिनेछ। प्राराङ्गारिक तथा जैविक मलको उत्पादन र उपयोग लाई प्रोत्साहित गरिनेछ ।
- पशुपालन व्यवसायमा जोखिम न्यूनीकरण गर्नका लागि पशुपंक्षी बिमालाई प्राथमिकता दिइनेछ।
- विगतमा अनुदान वितरण गरिएका गाई भैसी वाखा कुखुरा बङ्गुर आदिको कडाइका साथ अनुगमन गरिनेछ।
- दुधमा आत्मनिर्भर गाउँपालिकाको नीतिमा आधारित दुग्ध उत्पादन किसान समुहहरुलाई थप उर्जावान बनाउन दुधको भुक्तानी प्रकृया सहज बनाउन पहल गरिनेछ । बार्षिक दुई हजार भन्दा माथि दुध बिक्रि गर्ने किसानलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- दुग्ध संकलन केन्द्रको टोल बस्तिहरुलाई उन्नत जातका गाई भैसी पालनका निम्ति थप प्रोत्साहन गरिनेछ। साथै भैसी अनुदान कार्यक्रमको अनुगमन मुल्याङ्कन गरिनेछ ।

- **संस्कृति तथा पर्यटन :**
    - आलिताल र जोशिना झरना लगायतका पर्यटकीय स्थलको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण तथा संरक्षण र संवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

- सबै वडामा भएका ऐतिहासिक धर्मसालाहरु खोज अनुसन्धान गरी संरक्षण तथा सम्बर्द्धन गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्रका देउडा हुड्के मारुनी नाँच, पञ्चेबाजा, गमरा, गौरा पर्व लगायतका स्थानीय लोक संस्कृति जगेर्ना तथा सांस्कृतिक सम्पदा एवं मठमन्दिरहरुको संरक्षण गर्दै पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।
- वडा नं ८ को डोला गाउँलाई इको भिलेजको लागि पुर्वाधार र पर्यटन व्यवस्थापन आकर्षणका लागि दिर्घकालिन रोजगारी श्रृजना गर्दै कला संस्कृती जगेर्ना गर्न आवस्यक पहल गरिनेछ।

## २. सामाजिक विकास

- **स्वास्थ्य :**
    - समाजमा जनचेतना मुलक, अभियान, बिद्यालय स्वास्थ्य शिक्षाको साथै मानसिक स्वास्थ्य निदान सम्बन्धी स्वास्थ्य शिबिरहरु संचालन गरी आत्महत्या न्यूनीकरण गरिनेछ ।
    - स्वास्थ्य क्षेत्रमा कार्यरत पालिका करार कर्मचारीहरुलाई निरन्तरता दिदै स्वास्थ्य सेवालाई जनताको घरदैलो सम्म पुर्याउने अभ्यास गरिनेछ ।
    - प्रत्येक स्वास्थ्य संस्थाहरुबाट प्रबाह हुने आधारभूत स्वास्थ्य सेवाका सूचना एबम प्रगतिहरुलाई इन्टरनेट अनलाईन प्रणालीमा समाबेश गराउने कार्यलाई विस्तार गरिनेछ ।
    - स्वास्थ्य सेवाहरुलाई अझै गुणस्तरीय बनाउन स्वास्थ्यकर्मीहरुहरुलाई आवस्यक तालिमहरुको ब्यबस्थापनको लागि पहल गरिने छ ।
    - सबै वडाहरुमा संचालनमा रहेका बर्थिंग साइटहरुलाई सुदृढिकरण गरिनेछ ।
    - प्रत्येक वडाका स्वास्थ्य संस्थाहरुलाई डट्स सेन्टर (क्षय कुष्ठ रोग), ओ.टि.सी. सेन्टर (कुपोषण उपचार) को रुपमा थप ब्यबस्थित गरिनेछ ।
    - आयुर्बेद औसधालयलाई स्तरोन्नति गर्न र गुणस्तरीय आयुर्वेदिक बिधिबाट उपचार सेवा प्रबाह गर्न आबश्यक पहल गरिनेछ ।
    - विभिन्न नसर्ने रोगहरु, तथा जेष्ठ नागरिक स्वास्थ्य सेवालाई विस्तार गर्दै थप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
    - स्वास्थ्य संस्था हरुमा सरोकारवाला संघसंस्था हरु सित समन्वय गरि Recording, रिपोटिंग कार्य हरु Digitalization उन्मुख गरिनेछ ।
- **शिक्षा, युवा तथा खेलकुद** : शिक्षा क्षेत्रमा तपसिलका विषयवस्तु समेटिने गरी नीतिहरु अवलम्बन गरिनेछ।
    - सबै विद्यालयमा बालमैत्री, लैङ्गिक मैत्री तथा अपाङ्गमैत्री तथा प्रविधिमैत्री सिकाइ वातावरणको सुनिश्चितता गरी सिकाइ सुदृढीकरण गरिनेछ ।
    - अभिभावकको संलग्नता बढाउन शैक्षिक सचेतनामुलक क्रियाकलाप सञ्चालन गरिने छ ।

  - विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयको मुलधारमा ल्याइ अनिवार्य तथा निशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
  - सबै सामुदायिक विद्यालयहरुमा बृहत विद्यालय सुरक्षा योजना बनाइ आपतकालिन अवस्थामा पनि सिकाइलाइ निरन्तरता दिइनेछ ।
  - प्रविधिमैत्री शैक्षिक कार्यक्रम सञ्चालन गर्नका साथसाथै शैक्षिक तथ्याङ्कलाइ भरपर्दो, विश्वाशिलो र व्यवस्थित बनाइनेछ ।
  - एक वडा एक नमुना विद्यालय बनाउनमा जोड दिइनेछ ।
  - हरेक विद्यालयमा Leader of School/School of Excellence का रुपमा विकास गरिनेछ ।
  - विद्यार्थीहरुका लागि पठन सीप तथा पठन संस्कृति अभियान सञ्चालन गरिनेछ ।
  - अतिरिक्त क्रियाकलापका माध्यमबाट बालबालिकाको चौतर्फी विकासका जोड दिइनेछ ।
  - शिक्षक व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधारमा दिदै आएको अनुदान रकम कार्य सम्पादनसँग आवद्ध गरी शैक्षिक गुणस्तर अभिबृद्धि गरिनेछ ।
  - माध्यमिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिको लागि ICT सहितको विद्यालय पुस्तकालय तथा व्यवस्थित विज्ञान प्रयोगशाला स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
  - सामुदायिक विद्यालयहरुको शैक्षिकस्तर सुधारका लागि नियमित अनुगमन, निरीक्षण, सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेशागत सहयोगका कार्यक्रमहरु संचालन गरिनेछन ।
  - प्रचलित मापदण्ड तथा अध्ययन कार्यदलको प्रतिबेदनका आधारमा बिद्यालयहरुको नक्साङ्कन गरी बिद्यालय समायोजन गरिनेछ।
- **खानेपानी तथा सरसफाईः**
  - जलवायु परिवर्तनको कारण पानिका मुहान सुकेर जाने र समग्र पर्यावरणमा असर पर्ने भएकाले पालिकाको गम्भिरतापुर्वक ध्यान जान जरुरी देखिएकाले खानेपानीको मुहान संरक्षण गर्नका निम्ति स-साना रिचार्ज पोखरी निर्माण गर्दै रुख विरुवा रोप्ने नीति लिइनेछ।
  - पालिका भित्र खानेपानी समस्या विकराल बन्दै गएकको यस परिप्रेक्षमा वैकल्पिक व्यवस्था मिलाउन पहल गरिनेछ।
  - विभिन्न संघसस्था संग साझेदारी गरी खानेपानिको समस्या समाधानको दिर्घकालिन नीति लिइनेछ।
  - खानेपानि तथा सरसफाई (WASH) योजना निर्माण गरी सोहि योजना अनुरुप प्राथमिकताका आधारमा खानेपानि तथा सरसफाईको क्षेत्रमा बजेट बिनियोजन गरिनेछ।
  - गाउँपालिकामा रहेको WASH ईकाई लाई सुदृढीकरण गरी आवस्यक तालिमप्राप्त जनशक्तिको समेत व्यवस्थापन गरिनेछ।
- **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :**
  - टुहरा तथा अति विपन्न बालवालिकाहरुलाई अध्ययनको लागि राहत स्वरुप प्रोत्साहन गरिनेछ ।

- बालक्लबको क्षमता विकास तथा अतिरिक्त क्रियाकलापमा सहभागी गराइनेछ ।
- महिला सञ्जालको क्षमता विकास तथा सशक्तीकरणका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बालविवाह अन्त्यका लागि बाल संजाललाई परिचालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सरल र सहज वनाईनेछ।
- लैंगिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत गर्दै महिलाको आर्थिक आत्मनिर्भरता, नेतृत्व विकास र हिंसाको शून्य सहनशीलता (Zero Tolerance) नीति अवलम्बन गरिनेछ।
- बालमैत्री स्थानीय शासन" को अवधारणा अनुरूप प्रत्येक बालबालिकाको बचावट, संरक्षण, विकास र सहभागिता सुनिश्चित गरिनेछ।
- लैंगिक उत्तरदायी बजेट तथा क्रियाकलापहरुलाई निरन्तरता दिइनेछ ।
- ज्येष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभवको सम्मान गर्दै उनीहरूको जीवनलाई सहज, सुरक्षित र सम्मानित बनाइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै सार्वजनिक संरचनाहरूलाई अवरोधमुक्त बनाइनेछ।
- जेष्ठनागरीक तथा बालबालिका उद्यान निर्माण कार्यलाई थप ब्यबस्थित गरिनेछ।

- **रोजगार सेवा केन्द्रः-**
  - गाउँपालिका अन्तर्गत संचालन हुने विकास निर्माणका कार्यहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ।
  - राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तरगत बेरोजगार युवाहरुलाई सिपमुलक तालिम प्रदान गरी स्वरोजगार बनाईनेछ।
  - राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत संचालित योजनाहरुलाई प्रत्यक्ष विकाससंग जोडेर जनताको सीप, क्षमता र योग्यता अनुसार रोजगारी प्रदान गरिनेछ ।
  - बैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिपको सदुपयोग गर्दै स्वरोजगार र उद्यमशिलता विकासका लागि स्थानीय आर्थिक विकास अन्तर्गत नवप्रवर्तनशील तथा प्रोत्साहनमुखी कार्यक्रमसँग आवद्ध गरिनेछ।
  - स्थानीय उत्पादन प्रवर्द्धन गर्न गुड तथा महको प्रसोधन, प्याकेजिङ तथा ब्रान्डिण गर्ने नीति लिईनेछ।

**सुरक्षित आप्रवासन (SAMI) कार्यक्रमः-**

- सुरक्षित आप्रवासन सम्बन्धी समुदाय स्तरमा सचेतनामुलक कार्यक्रम संचालन गरी बैदेशिक रोजगारीको नाममा हुने ठगी न्युनिकरण गरिनेछ।

आठराई त्रिवेणी गाउँपालिका

- डिजिटल बित्तिय साक्षरता सम्बन्धी कार्यक्रम संचालन गरी हाल भईराखेको अनलाईन बैंकिङ सम्बन्धी ठगी न्युनिकरण गर्दै सुरक्षित लगानिका साथै आर्थिक रुपले आत्मनिर्भर बन्न प्रोत्साहन गरिनेछ।
- श्रम आप्रवासन पार्श्वचित्र निर्माण र अनौपचारिक श्रमिकको सामाजिक सुरक्षा सम्भावना सम्बन्धि अध्ययन गरी Needs Nepal संगको साझेदारीमा रोजगार शाखामा श्रम तथा आप्रवासन सुचना तथा परामर्श डेस्क संचालन गर्नुका साथै साना सिचाई र जिबिकोपार्जनका लागि अनुदान कार्यक्रम संचालन गरिनेछ।

- **पञ्जीकरण तथा सामाजिक सुरक्षा**
  - राष्ट्रिय परिचयपत्र स्थानीय तहबाट नै अनलाईन दर्ता गर्ने प्रक्रिया शुरु गरिनेछ ।
  - वडा कार्यालयका पञ्जिकाधिकारीहरुलाई क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।
  - जेष्ठ नागरिकको सामाजिक सुरक्षा सुनिश्चित गर्दै जेष्ठ नागरिक सम्मानको व्यवस्था गरिनेछ ।
- **उद्यम विकास**
  - विगतमा कार्यक्रम अन्तरगत सञ्चालन भएका उद्यमहरुको अनुगमन गरी पृष्ठपोषण तथा प्रोत्साहन गरिनेछ ।
- **बहुक्षेत्रिय पोषण :**
  - पोषण सुधार गर्न बहुक्षेत्रीय पोषण योजना लक्षित पोषण संवेदनशील र पोषण विशेष सेवाहरुको पहुँचको सुनिश्चितता र स्वास्थ्य खानेपानि स्वच्छता महिला तथा वालवालिकाको पोषण सुधार सम्बन्धी सामाजिक व्यवहार परिवर्तनका कार्यक्रमहरु सञ्चालन गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि आवश्य वजेट विनियोजन गरि प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

**३. पूर्वाधार विकास**

- आलिताल गाउँपालिकाभित्र रहेका प्रत्येक वडामा सडक संजालहरुको मर्मत र सरसफाईका निमित्त विशेष पहल गरिनेछ ।
- आलिताल गाउँपालिका क्षेत्रमा रहेका पर्यटकीय स्थल धार्मिक स्थल र स्मारकहरुको संरक्षण सम्बर्द्धन गरिनेछ ।
- सिंचाईको अभावमा बाँझो रहेका खेतियोग्य जमिनमा सिंचाईको पहुँच पुर्याई कृषि उत्पादन बढाउन पहल गरिनेछ ।
- आलिताल गाउँपालिका वडा नं ३ किमोडीमा रहेको ढुङ्गा खानी सम्बन्धि अध्ययन / वातावरणीय परिक्षण गरी गाउँपालिकालाई आर्थिक संबृद्धितर्फ डोऱ्याउदै रोजगारी सृजना गरिनेछ।

- **सञ्चार तथा उर्जा :**
  - विद्युतको पहुँच नपुगेको वस्तीमा विद्युतीकरणको कार्य विस्तारका लागि पहल गरिनेछ।

आलिताल गाउँपालिका

- मुख्य मुख्य स्थान तथा बजार क्षेत्रमा सौर्य सडक बत्ती जडानका लागि पहल गरिने छ।
- गाउँपालिका भित्र ईन्टरनेट सेवा विस्तारका लागि नेपाल टेलिकमसंग सहकार्य गरी फाईवर नेटको निरन्तरताका लागि पहल गरिनेछ।
- गाउँपालिका अन्तर्गतका सम्पूर्ण बस्तिहरुमा 4G Mobile नेटवर्क सुविधाका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- गाउँपालिकाबाट प्रकाशन हुने सूचनाहरु सरकारी संचार माध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने नीति लिइनेछ ।

- **वन तथा वातावरण :**
  - पोलिथिन झोला को विकल्पमा पुनः प्रयोग गर्न सकिने कपडा र नाइलनको प्रयोग गर्ने नीति लिइनेछ ।
  - गाउँपालिकाबाट निर्माण गरिएका संरचनाहरु वरीपरी हरियाली बनाउन विशेष पहल लिइनेछ ।
  - गाउँपालिका भित्रका पानीका मूलहरु, जलाधार क्षेत्रहरुको पहिचान गरी संरक्षण गरिनेछ ।
  - जलाधार क्षेत्रको संरक्षणका लागि उपयुक्त स्थानहरुमा रिचार्ज पोखरी निर्माण गरिनेछ ।
  - वन क्षेत्रमा आगलागि, भू-क्षय नियन्त्रण र खहरेखोला रोकथामका लागि Bio Engineering मार्फत बासका बिरुवाहरू रोप्ने र वृक्षारोपण अभियान चलाइनेछ ।
  - पर्यावरणीय सन्तुलन कायम गर्न सामुदायिक वन उपभोक्ता समिति तथा दातृ निकायहरुसंग सहकार्य गरी उपयुक्त स्थानहरुमा वृक्षारोपण गर्ने नीति लिइनेछ ।
- **प्रकोप नियन्त्रण तथा विपद व्यवस्थापन :**
  - गाउँपालिका भित्र रहेका विपदका सम्भावित जोखिमका क्षेत्रहरुको पहिचान गरी विपद न्यूनिकरण तथा व्यवस्थापनको लागि विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको आधारमा आबश्यक पूर्वतयारी गरिनेछ ।
  - गाउँपालिका तथा वडा स्तरीय विपद व्यवस्थापन समितिको सक्रिय परिचालनको लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।

४. **सुशासन तथा संस्थागत विकास मानव संशाधन विकास तथा संस्थागत क्षमता विकास :**

- **सुशासन तथा संस्थागत विकास :**
  - गाउँपालिकाको बेरुजुहरुको अभिलेखिकरण तथा सम्परिक्षण गरी आगामी आर्थिक वर्षमा लेखा परिक्षण मार्फत न्यून बेरुजु कायम गर्ने नीति अवलम्वन गरिनेछ ।
  - भुक्तानी प्रक्रियालाई सरल र व्यवस्थित बनाउन लागू भएको विद्युतीय भुक्तानी प्रणाली (EFT) लाई थप प्रभावकारी बनाइनेछ ।

आलिताल गाउँपालिका

- संघीय सरकार र प्रदेश सरकारबाट छनौट संचालन र व्यवस्थापन भएका योजनाहरुमा दोहोरपना आउन नदिने गरी योजना छनौट गरिनेछ ।
- आर्थिक वर्षको अन्तमा आएर नयाँ योजना स्वीकृत गरी संबालन गर्ने पद्धतिको अन्त्य गरिनेछ, साथै बडा तथा पालिकास्तरीय योजना छनौट तथा संचालन गर्दा उपभोक्ताको बढी लागत साझेदारी हुने योजनालाई पहिलो प्राथमिकता दिइनेछ ।
- गाउँपालिकाले सञ्चालन गरेका अधुरा योजनालाई प्राथमिकतामा राखि कार्यान्वयनमा ल्याइनेछ।
- भवन निर्माण गर्नुपूर्व अनिवार्यरुपमा गाउँपालिकाबाट घर नक्सापास गर्ने नीतिलाइ कार्यान्वयनमा ल्याइनेछ।
- लाभग्राहीहरुलाई विभिन्न सेवाहरु सहज रुपमा उपलब्ध गराउन गाउँ बस्ती स्तरमा घुम्ती सेवाहरु संचालन गरिनेछन ।
- उपभोक्ता समितिहरु तथा वडा समितिलाई योजना कार्यान्वयनमा सहजताका लागि समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसार आफू कार्यरत स्थानबाट पालिका भित्रकै अन्य स्थानमा कामकाज गर्ने गरी पदस्थापन गर्न सकिनेछ।
- जिन्सी व्यवस्थापनलाई थप डिजिटल प्रविधिमैत्री बनाईनेछ। जिन्सी मालसमान भण्डारणको उचित व्यवस्थापनको व्यवस्था मिलाईनेछ ।
- स्थानीय सेवा तर्फका करार कर्मचारीहरुको स्विकृत दरबन्दी तथा मापदण्डका आधारमा मात्र करार जनशक्ति ब्यबस्थापन गरिनेछ।

- **सूचना प्रविधिः**
  - गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयबाट प्रदान गरिने सेवाहरुलाई प्रविधिको माध्यमबाट थप प्रभावकारी बनाउने नीति अपनाईनेछ साथै गाउँपालिकाका मातहतका कार्यालयहरुमा उच्च गतिको ईन्टरनेट सुविधा सुनिश्चित गरिनेछ ।
  - पेपरलेस अफिसको अबधारणालाई पूर्णता दिन सूचना प्रबिधि शाखाको सुदृढिकरण तथा जनशक्ति व्यवस्थापनको लागि समेत स्पष्ट रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
  - गाउँपालिकाले संचालन गरेका सूचना प्रविधि प्रणालीहरु अनिवार्य रुपमा अवलम्बन गर्ने तथा समयानुकुल अद्यावधिक गरिनेछ ।
  - गाउँपालिकाका सम्पूर्ण बस्तीहरूमा सूचना तथा सञ्चार सेवाको पहुँच विस्तार गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाइनेछ ।
  - आलिताल गाउँपालिकाले हालसम्म सम्पन्न गरेका उल्लेखनीय कार्यहरूको प्रकाशन मार्फत नागरिकलाई जानकारी गराइनेछ ।
- **राजश्व :**

आलिताल गाउँपालिका

- गाउँपालिका तथा सबै वडा कार्यालयमा लागू गरिएको अनलाइन राजश्व प्रणाली थप सुदृढ र प्रभावकारी बनाइनेछ ।
- राजश्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुका लागि थप तालिमका साथै प्रविधि सूधार तथा क्षमता विकासमा लगानीलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको आन्तरिक राजश्व अभिवृद्धिका लागि करका सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ ।
- कर संकलनका लागि विभिन्न संचार माध्यमबाट चेतनामूलक प्रचारप्रसार र समुदाय स्तरीय कर शिक्षा कार्यक्रमका सञ्चालन गरिनेछ ।

- **न्यायिक समितिः**
    - न्यायिक समितिको क्षमता बिकास गर्दै न्याय सम्पादन प्रकृयालाई निष्पक्ष गुणस्तरीय र बिश्वासनीय बनाउदै लगिनेछ।
    - न्यायमा नागरिकहरुको पहुँच अभिबृद्धी गर्न नागरीक संग न्यायिक समिति अभियानलाई बिस्तार गरिनेछ।
    - विवादको समाधान वडास्तरमा नै समाधान गर्न मेलमिलाप केन्द्रलाई गतिशिल बनाईने छ ।
    - न्यायिक सम्पादन प्रकृयामा सूचना प्रविधिको प्रयोग गरि छिटो छरितो र थप व्यवस्थित, सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।
    - न्यायिक समितिबाट निर्णय मेलमिलाप भएका विवादहरुको कार्यान्वयन कडाईका साथ गर्न आवश्यक ऐन निर्माण गरि लागु गरिनेछ ।
    - विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टता साथ अगाडी बढाइनेछ ।
    - संविधान तथा कानुन बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वयन गर्न नयाँ कानुनी प्रबन्धहरुको तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ ।
    - न्यायिक समितिलाई थप क्रियाशिल बनाई प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।
    - सामुदायिक मेलमिलाप केन्द्रलाई व्यवस्थित बनाउँदै सबै वडा कार्यालयहरुमा स्थापना भई संचालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरि विवाद निरुपण कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
    - गरिब, असहाय तथा पछाडी पारिएका व्यक्तिहरुको लागि निःशुल्क कानूनी परामर्श तथा सहयोग उपलब्ध गराईनेछ ।

- **भूमि तथा सहकारीः**
    - गाउँपालिका भित्र रहेका सबै सहकारीहरुको अनुगमन गरी COPOMIS प्रणालिमा अनिवार्य रुपमा आबद्ध गरिनेछ।

- सार्वजनिक जग्गा तथा सम्पतीको संरक्षण कार्यमा स्थानीय प्रशासनको सहयोग र समन्वयमा विशेष अभियान संचालन गरिनेछ।
- आलिताल गाउँपालिकामा रहेका भूमिहिन दलित भूमिहिन सुकुम्बासी र अव्यवस्थित वसोवासीको उचित व्यवस्थापन गरिनेछ।

**सभाका सदस्य ज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्नमा मार्ग निर्देशन गर्नुहुने उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, बडा सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी, विभिन्न राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवि, विभिन्न संघसंस्थाहरु, सामाजिक संगठनहरु, नागरिक समाज, सामुदायिक संस्थाहरु, देश तथा बिदेशमा रहनुभएका आलिताल गाउँपालिकाका दिदीबहिनी तथा दाजुभाईहरु सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

यस गाउँपालिकाको विकासमा योगदान पुर्याउनुहुने आम नागरिक, विकास साझेदार र अन्य सरकारी तथा गैरसरकारी संघसंस्था प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद।

..................

शेर सिंह पार्की

अध्यक्ष

आलिताल गाउँपालिका, डडेल्धुरा

आलिताल गाउँपालिका